नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(स्थानीय तह कर्मचारी प्रशासन शाखा)

पत्र संख्या : २०७९।०८०

चलानी नं: ६६३

मिति: २०७९/०५/२१

अन्तर स्थानीय तह कामकाज खटाउने कार्य स्थगित गरिएको सम्बन्धी सूचना ।

यस मन्त्रालयको मिति २०७७/११/०६ को निर्णयानुसार "लोक सेवा आयोगबाट स्थानीय तहमा सिफारिस भई स्थायी नियुक्ति भएका कर्मचारी व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७" स्वीकृत भए पश्चात सम्बन्धित स्थानीय तहको दोहोरो सहमति सहित यस मन्त्रालयमा प्राप्त भएका निवेदनहरुको हकमा आवश्यकता र प्राथमिकताका आधारमा विभिन्न मितिमा अर्को व्यवस्था नभए सम्मका लागि कामकाजमा खटाउने कार्य गर्दै आईरहेकोमा मिति २०७९/०५/२० सम्म प्राप्त निवेदनहरुको आधारमा कामकाजमा खटाउने कार्य सम्पन्न गरी मन्त्रालयको Website मा राखि सकिएको छ ।

अतः लोक सेवा आयोगबाट स्थानीय तहमा सिफारिस भई स्थायी नियुक्ति भएका कर्मचारीहरुलाई कामकाजमा खटाउने सम्बन्धमा मिति २०७९।०५।२० गते पश्चात प्राप्त निवेदन उपर कुनै कारवाही नहुने र यस खालको निर्णय नगर्ने भनि मिति २०७९/०५/२० गते मा.मन्त्रीस्तरबाट निर्णय भएको हुँदा अर्को व्यवस्था नभए सम्मको लागि अन्तरस्थानीय तहमा कामकाजमा खटाउने कार्य स्थगित गरिएको व्यहोरा सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

०७९/५/२१

(बासुदेव भट्टराई)
शाखा अधिकृत

व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन